# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।११।१३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

सप्तरी जिल्ला, साविक खोक्सर प्रवाहा गाउँ विकास समितिका तत्कालीन गा.वि.स. सचिव कृष्ण बहादुर दाहाल समेतले गाउँ विकास समितिको रकम हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा साविक खोक्सर प्रवाहा गाउँ विकास समिति तत्कालीन गा.वि.स. सचिव (हाल कारागार कार्यालय, सप्तरीका निलम्बित नायब सुब्बा) कृष्ण बहादुर दाहालले सो गाउँ विकास समितिमा कार्यरत रहँदा सो गाविसको लागि निकासा भएको सरकारी अनुदान रकमको स्रेस्ता बरबुझारथ, लेखापरीक्षण समेत नगरी स्रेस्ता लुकाई राखी उक्त रकम खाईमासी हरहिसाब नदेखाई हिनामिना गरी आफूले खाएमासेको रकम पचाउने उद्देश्यबाट कागजातहरू लुकाएको पुष्टि हुन आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ को कसुर अपराध हुँदा निज कृष्ण बहादुर दाहाललाई ऐ.ऐनको दफा १२ बमोजिम सजाय हुन र हिनामिना हानीनोक्सानी पुऱ्याएको बिगो रु.५,३३,८००।- (पाँच लाख तेत्तीस हजार आठ सय रुपैयाँ) निज प्रतिवादी कृष्ण बहादुर दाहालबाट ऐ. ऐनको दफा १२ बमोजिम असुल उपर हुन समेतको मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता